




राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily








❑ वर्ष २२ ❑ अङ्क १५६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ असार ५ गते शनिबार ❑ 19 June 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-


## गण्डकीका मुख्यमन्त्री पोखरेलले पाए विश्वासको मत

**पोखरापत्र संवाददाता**
**पोखरा, ४ असार**

गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले विश्वासको मत पाएका छन्। शुक्रबार प्रदेश सभामा भएको मतविभाजनमा पोखरेलका पक्षमा ३१ मत पर्दा विपक्षमा २७ मत पर्‍यो।

सभामुख नेत्रनाथ अधिकारीले मुख्यमन्त्री पोखरेलले प्रस्तावको पक्षमा ३१ मत परेको र उक्त संख्या हाल प्रदेश सभामा कायम रहेका सदस्य संख्याको बहुमत रहेको घोषणा गरे। ६० सदस्यीय प्रदेश सभामा अहिले ५९ सदस्य कायम छ। सभामुखले मत हाल्न पाउँदैनन्। बहुमतका लागि ३० मत भए पुग्छ। पृथ्वीसुब्बा गुरुङको सरकार अल्पमतमा परेपछि नेपालमा संविधान धारा १६८ को ५ अनुसार कृष्णचन्द्र नेपाली पोखरेल जेठ २९ मा मुख्यमन्त्रीमा नियुक्त भएका थिए। नियुक्त भएको ३० दिनभित्र विश्वासको मत लिनुपर्ने कानुनी प्रावधान छ। नीति तथा कार्यक्रम पारित भइसकेको र सरकारले बजेट प्रस्तुत गरे पनि छलफलका लागि सहज वातावरण बनाउन पोखरेल सरकारले विश्वासको मत सुरुमै लिएको हो। ६० सदस्यीय गण्डकी प्रदेश सभामा नेपाली कांग्रेसका १५, माओवादी केन्द्रका ११, जनमोर्चाका २, जनता समाजवादी पार्टीका २ र स्वतन्त्र सांसद १ छन्। ४ दल र १ स्वतन्त्र गरी सरकारका पक्षमा ३१ मत जुटेको हो। सभामुखले मत हाल्न पाउँदैनन्।




उता प्रमुख प्रतिपक्षी दल एमालेसँग आफ्नो पार्टीको मात्रै २७ सांसद छन्। राष्ट्रिय जनमोर्चाका कृष्ण थापाको सांसद पद पनि उनकै पार्टीले कारबाही गरेपछि गुमेका कारण अहिले प्रदेश सभामा ५९ सदस्य कामय छ। मुख्यमन्त्री पोखरेलले २९ गते नै ५ सदस्यीय मन्त्रिमण्डल गठन गरेका थिए। कांग्रेसबाट कुमार खड्का, माओवादीबाट मधुमाया अधिकारी गुरुङ, जनता समाजवादीबाट हरिशरण आचार्य र स्वतन्त्र सांसद राजीव गुरुङ मन्त्री भएका थिए। उनीहरु सबै बिना विभागीय मन्त्रीका रुपमा सपथ खाएका थिए। बाँकी मन्त्री र मन्त्रालयको टुंगो अब सहमतिका आधारमा गरिने सरकारका प्रवक्ता कुमार खड्काले बताए। मुख्यमन्त्री पोखरेलले प्रदेश सभाको शुक्रबार बसेको पहिलो बैठकमा विश्वासको मत सम्बन्धी प्रस्ताव टेबल गरेका थिए। प्रस्ताव टेबल गर्दै उनले स्थापनाको छोटो अवधिमा नीति तथा कार्यक्रम, बजेट ल्याएको सरकारले जनताका आवश्यकता सम्बोधन हुने गरी काम थालेको उनले बताए। राजनीतिक स्थिरता कायम गर्दै प्रदेश सभालाई विघटनको दुर्घटनाबाट बचाउन उनले यो सरकारलाई विश्वासको मत दिन आवश्यक रहेको भनाइ राखे।

छलफलमा निवर्तमान मुख्यमन्त्री एवं प्रमुख प्रतिपक्षी दलका नेता पृथ्वीसुब्बा गुरुङले संघीयता कार्यान्वयनका लागि सरकारले काम गर्दै गए आफ्नो जहिले पनि समर्थन रहने बताए। लोकतान्त्रिक आन्दोलनमा निरन्तरको सहभागिता र निष्ठाको राजनीतिमा लागेका कृष्णचन्द्र नेपाली नेतृत्वको सरकारले मत दिन्न भन्न आफूलाई असजिलो लागे पनि अहिलेको अवस्थामा सरकारलाई एमालेले समर्थन गर्न नसक्ने भनाइ राखे।

छलफलमा एमालेका मायानाथ अधिकारी, कृष्णबहादुर थापा, मिना गुरुङ, मनबहादुर गुरुङ, धनञ्जय दवाडी, कांग्रेसका विष्णु लामिछाने, ओमकला गौतम, माओवादीका रामजी बराल जीवन, जसपाकी धनमाया लामा पोखरेल, जनमोर्चाकी पियारी थापाले भाग लिएका थिए।

## पर्यटन क्षेत्रमा खोपको व्यवस्था गर्न माग

**पोखरापत्र संवाददाता**
**पोखरा, ४ असार**

पोखरा पर्यटन परिषद् आवद्ध सङ्घ संस्थाले कोरोना महामारीले सबैभन्दा ठूलो असर पर्यटन क्षेत्रमा देखिएको जनाउँदै यस क्षेत्रका अग्रपङ्क्तिमा रहेकालाई खोपको व्यवस्था सुनिश्चित गर्न माग गरेका छन्।

पोखरा पर्यटन परिषद्ले शुक्रबार विज्ञप्ती जारी गर्दै देशको अर्थतन्त्रलाई माथि उठाउने सो क्षेत्रलाई चलायमान बनाउन खोप आवश्यकता रहेको र यसका लागि स्थानीय, प्रदेश र सङ्घीय सरकारलाई ध्यानाकर्षण गराएको छ।

विज्ञप्तिमा 'नो भ्याक्सिन, नो मोर पर्यटन' उल्लेख गर्दै पर्यटन क्षेत्रसँग सम्बद्ध व्यवसायी कर्मचारी मजदुर लगायत अग्रपङ्क्तिमा रहेर सेवा दिइरहेकालाई खोप सुनिश्चित गरी अन्तरराष्ट्रिय बजारमा सकारात्मक सन्देश दिन आग्रह गरिएको छ। विज्ञप्तिमा भनिएको छ "सरकारले सङ्क्रमणको अवस्था हेरेर बिस्तारै बन्दाबन्दी खुकुलो बनाउने तयारी गरेको छ।

पर्यटक श्रमजीविले खोप नलगाई सेवा प्रवाह गर्न सक्ने स्थिति छैन र सेवा दिइहाले पनि सुरक्षित हुन सक्दैन। स्वास्थ्य जस्तो संवेदनशील क्षेत्रलाई प्राथमिकमा राखेर पर्यटनलाई चलायमान बनाउन माग गर्दछौ।" पर्यटनलाई चलायमान बनाउन विभिन्न मुलकले खोपलाई प्राथमिकतामा राखेर पर्यटकलाई निम्तो दिएको जनाइएको छ।

## बाढीपहिरोले १६ को मृत्यु, दुई हजार विस्थापित

**रासस**
**काठमाडौं, ४ असार**

पछिल्लो पाँच दिनमा भारी वर्षापछिको बाढी, पहिरो र डुबानमा परी १६ जनाको मृत्यु भएको छ। अन्य २२ जना सम्पर्कविहीन र १६ जना घाइते भएका छन्।

मृत्यु हुनेमा सिन्धुपाल्चोक र डोटीमा तीन/तीन तथा सप्तरी, काभ्रे, गोरखा, जुम्ला, अर्घाखाँची, पाल्पा, कास्की, कालिकोट, प्युठान र बाजुरामा एक/एक जना रहेका गृह मन्त्रालयले जनाएको छ। बाढी, पहिरो र डुबानमा परी अहिलेसम्म १६ जना घाइते भएको प्रहरी प्रधान कार्यालयले जनाएको छ। तीमध्ये १० पुरुष चार महिला र दुई बालिका छन्। वेपत्ता २२ मध्ये सबैभन्दा बढी सिन्धुपाल्चोकमा २० जना छन्। बाजुरा र रूपन्देहीमा एक/एक जना वेपत्ता रहेका छन्। वेपत्ताको खोजी कार्य जारी रहेको जनाइएको छ। बाढी तथा पहिरोमा परेका सिन्धुपाल्चोकमा ९४ र सल्यानबाट आठ जना गरी १०२ जनाको उद्धार भएको प्रहरी प्रधान कार्यालयले जनाएको छ। यस्तै यार्सागुम्बा टिप्न गएका मनाङ्का ७० जनाको पनि आजै उद्धार भएको प्रहरी प्रवक्ता प्रहरी वरिष्ठ उपरीक्षक वसन्तबहादुर कुँवरले जानकारी दिए। पहिरो तथा बाढीका कारण बन्द भएका विभिन्न स्थानका सडक सुरक्षाकर्मीको सहयोगमा सञ्चालनमा ल्याइएको छ। साथै वर्षाका कारण दार्चुला, हुम्ला, सुर्खेत, कालिकोट, सल्यान, दैलेखलगायतका जिल्लामा पहिरो गई अवरोध भएको सडक खुलाउने प्रयास जारी छ।

यसै गरी बाढी पहिराका कारण अहिलेसम्म १९९ वटा घरमा क्षति भएको छ। कुल १२ वटा पुल, एक विद्यालय र सात सरकारी कार्यालयमा क्षति पुगेको जनाइएको छ। प्राप्त विवरणअनुसार ५२८ घरका एक हजार ७६० जना मानिस विस्थापित भएको प्रहरी प्रवक्ता कुँवरले बताउनुभयो। प्रहरीका अनुसार यही बीचमा ५१६ पशु चौपायको मृत्यु भएको छ।

बाढी र पहिरोको कारण सिन्धुपाल्चोकका इलाका प्रहरी कार्यालय हेलम्बु र प्रहरी चौकी तालामाराङ स्थानान्तरण गरिएको छ। उक्त घटनाबाट प्रभावित स्थानमा भएको क्षति न्यूनीकरण र उद्धारमा सम्बन्धित प्रहरी कार्यालयबाट प्रहरी कर्मचारी सक्रिय रहेका छन्।

बाढीपहिरोको जोखिममा रहेका विभिन्न जिल्लाका मानिसलाई सुरक्षित स्थानमा राख्ने, पहिरोमा पुरिएका धनमाल निकाल्ने कार्यमा स्थानीयवासी, प्रशासन र जनप्रतिनिधिको समन्वय र सहयोगमा तीन वटै सुरक्षा निकाय सक्रिय भएर लागेका छन्। उद्धारका साथै राहत वितरण कार्यसमेत जारी रहेको जनाइएको छ।

## कांग्रेस महाधिवेशन भदौ १६ -१९ काठमाडौँमा

**रासस**
**काठमाडौं, ४ असार**

नेपाली कांग्रेसले पार्टीको १४ औं महाधिवेशन आगामी भदौ १६ देखि १९ गतेसम्म काठमाडौँमा गर्ने निर्णय गरेको छ।

कांग्रेसको शुक्रबार बसेको केन्द्रीय कार्यसमितिको बैठकले महामन्त्री पूर्णबहादुर खड्काले प्रस्तुत गरेको महाधिवेशनको संशोधित कार्यतालिकालगायत विभिन्न प्रस्ताव सर्वसम्मतिले पारित गरेको हो।

संशोधित कार्यतालिकानुसार गाउँ/नगर वडा अधिवेशन आगामी साउन १२ गते, गाउँ/नगरपालिका अधिवेशन साउन १६ गते र प्रदेशसभा क्षेत्रीय अधिवेशन साउन २० गते हुनेछ। यसैगरी प्रतिनिधिसभा क्षेत्रीय अधिवेशन/एक मात्र प्रतिनिधिसभा निर्वाचन क्षेत्र भएको जिल्ला अधिवेशन साउन २३, एकभन्दा बढी प्रतिनिधिसभा निर्वाचन क्षेत्र भएको जिल्ला अधिवेशन साउन २६ र प्रदेश अधिवेशन भदौ १ र २ गते निर्धारण गरिएको मुख्यसचिव कृष्णप्रसाद पौडेलले जानकारी दिए।

त्यस्तै क्रियाशील सदस्यताको नयाँ र नवीकरणको अन्तिम सूची तयार गरी केन्द्रीय सभापतिलाई बुझाउने अवधि असार २० भित्र र क्रियाशील सदस्यताका सूचीमा केन्द्रीय सभापतिबाट हस्ताक्षर भई केन्द्रीय निर्वाचन समितिलाई बुझाउने अवधि असार ३० गतेभित्र तोकिएको छ।

## गण्डकीमा दमौली अस्पताल सर्वोत्कृष्ट

**पोखरापत्र संवाददाता**
**दमौली, ४ असार**

दमौली अस्पताल गण्डकी प्रदेशका जिल्ला अस्पतालमध्ये सर्वोत्कृष्ट बन्न सफल भएको छ। प्रदेश स्वास्थ्य मन्त्रालयले गरेको मूल्याङ्कनमा सो अस्पताल यस वर्ष प्रथम भएको हो। मन्त्रालयले सुशासन तथा व्यवस्थापन, उपचार सेवा व्यवस्थापन र अस्पताल सहयोग सेवाका आधार लगायत विभिन्न मापदण्डका आधारमा मूल्याङ्कन गर्ने गर्दछ। गतवर्ष सो अस्पतालले दोस्रो स्थान प्राप्त गरेको थियो। अस्पताल व्यवस्थापन

बाँकी अन्तिम पृष्ठमा ▶▶

## कार्टर पिलर फाउण्डेशन र एसिष्ट इन्टरनेशलनद्वारा स्वास्थ्य सामग्री सहयोग

**पोखरापत्र संवाददाता**
**पोखरा, ४ असार**

अमेरिकाको कार्टर पिलर फाउण्डेशन र एसिष्ट इन्टरनेशलनको सहयोगमा पोखराको पश्चिमाञ्चल स्वास्थ्य विज्ञान प्रतिष्ठान, लेखनाथको संक्रामक तथा सरुवा रोग अस्पताल तथा विभिन्न स्वास्थ्य चौकीहरुमा कोभिड सम्बन्धित विभिन्न स्वास्थ्य सामग्री सहयोग प्रदान गरिएको छ।

भिजन एण्ड भ्यालुका निर्देशक समेत रहेका समाजसेवी पदमराज पौडेलको संयोजनमा नेपालका विभिन्न स्वास्थ्यालयहरुका लागि झण्डै ५५ लाख बराबरको स्वास्थ्य सामग्री उपलब्ध गराइएकोमा ति अस्पतालहरुमा बिहिबार फरक फरक कार्यक्रमका विच स्वास्थ्य सामग्री हस्तान्तरण गरिएको हो।

पश्चिमाञ्चल स्वास्थ्य विज्ञान प्रतिष्ठानमा एक थान भेण्टिलेटर, सक्सेन मेशिन, प्यासेण्ट मेसिन सहित झण्डै १५ लाख बराबरको विभिन्न स्वास्थ्य सामग्री सहयोग प्रदान गरियो। उक्त स्वास्थ्य सामग्री बुझ्दै प्रतिष्ठानका निर्देशक डा.भरत खत्रीले कोभिड महामारीमा यि सामग्रीहरुको महत्वपूर्ण भएको




बताए।त्यस्तै लेखनाथको संक्रामक तथा सरुवा रोग अस्पतालमा आयोजित हस्तान्तरण कार्यक्रममा स्वास्थ्य सामग्री बुझ्दै अस्पतालका कार्यकारी निर्देशक डा.विकास गौचनले आर्थिक समस्याका विभिन्न सामग्रीको उपलब्ध नहुँदा विरामीको उपचारमा कठिन भएको जनाए। उनले वर्तमान अवस्थामा यि सामग्री अत्यन्तै महत्वपूर्ण भएको जनाउँदै लक्षित वर्गले यसको उपभोग गर्ने विश्वास दिलाए। सो अस्पतलामा १३ लाख बराबरको कोभिड उपकरणहरु प्रदान गरिएको हो। त्यस्तै, लेखनाथकै रुपा स्वास्थ्य चौकी र पोखरा-३१ स्थित बेगनास स्वास्थ्य चौकीलाई अक्सिजन कन्सटेटर, नेबुलाइजर, मास्क, स्यानिटाइजर, पञ्जा लगायतका स्वास्थ्य सामग्री प्रदान गरिएको हो। सामग्री बुझ्दै रुपा गाउँपालिकाका अध्यक्ष नवराज ओझाले उक्त सामग्री कोभिड सम्बन्धितहरुको उपचारमै लगाउने बताए। त्यस्तै बेगनास स्वास्थ्य चौकीमा सामग्री बुझ्दै वडा ३१ का वडासदस्य पूर्णाखर पाण्डेले पोखरा महानगरपालिका भएपनि आफ्नों वडा भौगोलिक दृष्टीकोणले केहि विकट भएको हुँदा त्यहाँका जनतालाई उक्त सामग्री अत्यन्तै महत्वपूर्ण हुने औल्याए। विभिन्न ठाउँमा आयोजिक सहयोग हस्तान्तरण कार्यक्रममा स्वास्थ्य सामग्री प्रदान गर्दै सहयोग कार्यक्रमका संयोजक पदमराज पौडेलले कोभिड महामारीमा नेपालका विभिन्न स्थानका लागि स्वास्थ्य सामग्री सहयोग गरेकोमा सहयोगी एसिष्ट इन्टरनेशलनका रे स्मिथ तथा कार्टर पिलर फाउण्डेशप्रति कृतज्ञता जाहेर गरे। काठमाडौंको बिर अस्पताल, कान्ती बाल अस्पताल र बनेपाको सिर मेमोरियल अस्पताललाई पनि स्वास्थ्य सामग्री सहयोग गरिने उनले जानकारी दिए।

स्थानिय भएकोले आफ्नों क्षेत्रमा सहयोग उपलब्ध गराउन पाउँदा आफुलाई पनि खुसि लागेको उनले बताए। स्वास्थ्य सामग्री हस्तान्तरण कार्यक्रमहरुमा सहयोगी राजेन्द्र ढकाल, राज केसी, इलाका प्रशासन कार्यालय लेखनाथका प्रमुख गुरुदत्त ढकाल, डाँडानाक प्रहरी चौकीका प्रमुख महेन्द्र मरासिनी, पत्रकार राजु भण्डारी, पूर्व शिक्षक फडिन्द्रमोहन शर्मा, समाजसेवी देवराज पंथी, सहयोगी ध्रुव पंथी लगायतले कोभिड विरुद्धको लडाईमा सबैजनाले सहकार्य गर्नुपर्नेमा जोड दिएका थिए।




# मनाङको नासा तालवासीलाई राहत पुऱ्याए राखेप सदस्य गुरुङले

**पोखरापत्र संवाददाता**
**पोखरा, ४ असार**

मनाङको नासा ताल वासीलाई राष्ट्रिय खेलकुद परिषदका सदस्य राजेश कुमार गुरुङले राहात वितरण गरेका छन् ।



बाढीबाट प्रभावित भएकाहरु समक्ष सिम्रिक एयरको हेलिकोप्टर चार्टर गरेर शुक्रबार नासो पुगेका गुरुङले खाद्य सामाग्री सहयोग हस्तान्तरण गरेर फर्किएका छन् ।

विगत केही दिन देखि नासो गाँउ बाढीको डुबानमा परेकोले बस्तुस्थिती बुझ्ने क्रममा केही राहत सामाग्री समेत सहयोग गरेको उनले जनाए । नासो गाँउमा बिद्युत देखि संचार सेवा समेत अबरुद्ध भएकोले खाद्य बस्तुदेखि अत्यावसेक सेवा तत्काल उपलब्ध गराउन सरकार समक्ष राखेप सदस्य गुरुङले आग्रह गरे । उक्त हेलिकोप्टरको सहायतले नासोको खोला पारी अर्को बस्तीबाट बिद्युतको तार समेत नासो बस्तीमा ल्यायर सहयोग गरेको थियो । मनाङको नासो गाउँपालिका १ स्थित नासो ताल क्षेत्रका स्थानिय यति वेला बाढीको डुवाले गर्दा तत्काल उद्धार र राहातको पर्खाइमा रहेका छन् । विगत ४ दिन देखि राम्रोसंग दुई छाक खान र रात विताउन समेत मुस्किल परेको स्थानिय रोसनी गुरुङले गुनासो गरिन्। नासोबासीको पिडामा हालसम्म सरकारको उपस्थित नहुदा उनीहरुले छिट्टै आफुहरुलाई उद्धार र राहात उपलब्ध गराउन माग गरेका छन् ।

आफुहरुले पूर्व सावधानि अपनाएकोले गर्दा मानविय क्षेत्र नभए पनि ६२ घर परिवारको अधिकांश घरमा बाढी पसेर अन्न वाली र विस्तारा सहितका बस्तुहरु हिलाम्मे भएको केही बगाएको त केही पुरिएको स्थानिय मदन गुरुङले बताए । आफुहरु करिब ३ सय जना मध्य हाल केहीको हात खुट्टा भाचिएको त केहीको स्वास्थ्यमा समस्या देखिन थालेकोले तत्काल अन्य ठाँउमा पुनः स्थापना गर्नुपर्ने उनले माग गरे ।

# बाघको आक्रमणबाट दुई घाइते, प्रतिकारमा बाघको मृत्यु

**पोखरापत्र संवाददाता**
**पोखरा, ४ असार**

कास्कीमा बाघको आक्रमणबाट शुक्रबार दुई जना घाइते भएका छन् ।

जिल्लाको रूपा गाउँपालिका-७ धारापानी बस्ने ३४ वर्षीय तुलबहादुर गुरुङ र ३२ वर्षीय मीलन गुरुङ बाघको आक्रमबाट घाइते भएको गण्डकी प्रदेश प्रहरी कार्यालय पोखराले जनाएको छ । तुलबहादुर बिहान आफ्नै बारीमा घाँस काट्न जाँदा अचानक बाघ देखेपछि भाग्ने क्रममा पछाडिबाट चिथोरेर बाघले घाइते बनाएको प्रहरी नायब उपरीक्षक श्यामु अर्यालले जानकारी दिए । यसैगरी स्थानीयवासीले देखेर बाघको प्रतिकार गर्ने क्रममा सोही ठाउँ बस्ने ३२ वर्षीय मीलन गुरुङसमेत टाउकामा चोट लागेर घाइते भएको र दुवैको भिरचोक स्वास्थ्य चौकीमा उपचार गरिएको प्रहरीले जनाएको छ । स्थानीयवासीको प्रतिकारका क्रममा बाघको घटनास्थलमा मृत्यु भएको प्रहरीले जनाएको छ ।

# पहिराले जुडीफाँट-चित्रेभञ्ज्याङ सडक अवरुद्ध

**पोखरापत्र संवाददाता**
**दमौली, ४ असार**

अविरल वर्षातले पहिरो खस्दा तनहुँ र स्याङ्जा जोड्ने शुक्लागण्डकी दुलेगौडा ढोरबाराही मोटर मार्गको 'जुडीफाँट-चित्रेभञ्ज्याङ सडक' अवरुद्ध भएको छ। तीन दिनदेखि सडक अवरुद्ध हुँदा सर्वसाधारण समस्यामा परेका छन् ।

धैरै स्थानमा पहिरो खसेर सडक अवरुद्ध भएको हरिनास गाउँपालिका उपाध्यक्ष झनमाया पराजुलीले जानकाररी दिइन । "कतै ग्याबिनझालि सहित बाटो खसेको छ । कही बाटो माथिबाट ठूला-ठूला पहिरो खसेका छन्," उनले भनिन् । अत्यावश्यक काममा दुलेगौँडा पोखरा जानुपर्ने स्थानीयबासी चिसापानीबाट राइपुर हुँदै घण्टौ लगाएर यात्रा गर्न बाध्य हुनुपरेको छ । शुक्लागण्डकी नगरपालिका-१० जुडीफाँटदेखि हरिनास गाउँपालिकाको केन्द्र चित्रेभञ्ज्याङ जोड्ने सडक कालोपत्रेका लागि स्तरोन्नति भइरहेको थियो । सडक फराकिलो पार्ने र ग्याबिन जाली भर्ने काम सकिएको थियो । पहिरो गएसँगै काम रोकिएको छ । सो गाउँपालिकाको केन्द्रलाई गण्डकी प्रदेशको केन्द्र पोखरासँग कालोपत्रे सडकबाट जोड्ने उद्देश्यका साथ प्रदेश सरकारको लगानीमा क्याङ्दी खोलामा ४० मिटर लामो मोटरेबल पुल र १६ किलोमिटर सडक कालोपत्रेको काम भईरहेको छ। रु ३२ करोड ६५ लाख ४७ हजार एक सय ४९ मा पुल र सडकको काम गोल्डेनगुड बानियाँ जेभीले गरिरहेको छ। पुलमा क्षति नपुऱ्याएको जनाइएको छ।

अवरुद्ध सडकलाई खुलाउन शुरु गरिएको गोल्डेनगुड बानियाँ जेभीका साइट सुपरभाईजर रामबहादुर गोलेले बताए । "पहिरो हटाउन शुरु गरेका छौँ। गाडी चल्न मिल्ने स्थितिमा ल्याउन मात्रै पनि कम्तीमा तीन/चार दिन लाग्छ," उनले भने ।

# मनाङका ११८ बाढी पहिरो पीडितको उद्दार

**पोखरापत्र संवाददाता**
**मनाङ, ४ असार**

अबिरल वर्षापछि आएको बाढी पहिरो पीडितको उद्दार गरिएको छ । मौसममा केही सुधार आएपछि शुक्रबार मनाङका विभिन्न स्थानबाट ११८ जनाको उद्दार गरिएको छ।

दुई वटा हेलिकप्टरबाट यहाँका सबै क्षेत्रबाट ती पीडितहरूको उद्दार गरिएको प्रमुख जिल्ला अधिकारी विष्णुप्रसाद लामिछानेले जानकारी दिए । प्रजिअ लामिछानेका अनुसार नार्पाभूमि गाउँपालिकाको फू गाउँबाट ५६ जना, नासों गाउँपालिकाबाट ५५ र ओडारबाट १० जनाको उद्दार गरिएको छ । नासोंका बाढी पहिरो पीडितलाई मनाङको सदरमुकाम चामेमा स्थानान्तरण गरिएको उनले बताए। फुगाउँका १६ जनालाई दानाक्युमा व्यवस्थापन गरिएको छ भने अन्य पीडितलाई फू गाउँकै सुरक्षित स्थानमा स्थानान्तरण गरिएको उनले बताए । मनाङका विभिन्न क्षेत्रका बाढी पहिरो पीडितलाई चामेमा व्यवस्थापन कार्य भइरहेको लामिछानेले बताए । मनाङका चार गाउँपालिकाका विभिन्न गाउँ वा स्थानीय पालिकाबीचको सम्पर्क र आवतजावत पूर्णरूपमा अवरुद्ध छ । "अन्य क्षेत्रमा पनि बाढी पहिरोमा परेका पीडितको उद्दार गर्ने कार्य भइरहेको छ, कहीँ कतै सम्पर्कमा नआएका छन् कि भनेर हेलिकप्टरबाट खोजी कार्य भइरहेको छ," प्रजिअ लामिछानेले भने। गृह मन्त्रालयको सहयोगमासेनाको एउटा हेलिकप्टर र पूर्व सांसद पोल्देन छोपाङको व्यक्तिगत खर्चमा हेलिकप्टर उद्दारमा खटिएको छ।

केही दिनको अबिरल वर्षापछि आएको बाढी पहिरोले गर्दा मनाङमा सडक, विद्युत् र सञ्चार पूर्णरूपमा अरुवद्ध भएको छ । यहाँका साना खोलानाला समेत वर्षासँगै बढेको भेलले सडकका धैरै ठाउँमा भत्किएको छ । बाढी पहिरोले गर्दा विभिन्न क्षेत्रका व्यक्तिहरू बीच सम्पर्क हुन नसकेको प्रजिअ लामिछानेले जानकारी दिए । उनका अनुसार जिल्लामा विभिन्न क्षेत्रमा खानेपानी, सडक, विद्युत् र सञ्चार हुन सकेको छैन ।

## गण्डकीमा ...

समितिका अध्यक्ष प्रदीपराज अधिकारीले अस्पतालको विभिन्न मापदण्डका मूल्याङ्कनमा ६१ प्रतिशत अङ्क हासिल गरी प्रथम हुन सफल भएको जानकारी दिए । "कोभिडका कारण अस्पतालका नियमित सेवाहरू अवरुद्ध हुँदा प्रतिशत घटेको हो, अस्पतालको मात्र नभइ सबै जिल्ला अस्पतालका अङ्क घटेका छन्," उनले भने । कोभिड सङ्क्रमितको उपचारका लागि अस्पतालमा प्रसूति सेवा स्थगित गरिएको छ । बहिरङ्ग कक्षलाई पनि कोरोना कक्ष बनाइएको छ । अस्पतालले जिल्लामै पहिलो पटक थाइराइड सेवा शुरुआत गरिसकेको छ।




# लकडाउनको सदुपयोग गर्दै बाँजो जमिनमा तितेपाती खेती

**श्रीकृष्ण सिग्देल**
**स्याङ्जा, ४ असार**

धार्मिक र औषधीका रुपमा प्रयोग हुने तितेपाती व्यवसायीक रुपले स्याङ्जामा खेती गर्न शुरु गरिएको छ । खेतबारी लगायत जताततै त्यसै उम्रने तितेपातीको व्यवसायीकताको थाहा नपाएर खेर गइरहेका बेला स्याङ्जामा एक महिलाले यसलाई व्यवसायीक रुपले खेती गर्न लागेकी हुन् ।



पुतलीबजार नगरपालिका १४ आमडाँडाकी सुनिता क्षेत्रीले अहिले जापनीज जातको तितेपाती खेतबारीमा लगाउन शुरु गरेकी हुन् । लकडाउनले उनले संचालन गरेको हस्तकला व्यवसनय बन्द भएपछि लकडाउनलाई सदुपयोग गर्दै बाँजो जमिनमा उनले तितेपाती खेती शुरु गरेकी छन् । बजारको ग्यारेन्टी पाएपछि क्षेत्रीले करिब २ महिनादेखि बाँजो जमिनमा तितेपाती खेती गरेको बताइन् । महिला उद्यमी समेत रहेकी क्षेत्रीले बाँदरले लगाएको बालीनाली नष्ट गरेपछि खेती गर्न छाडेको जमिनको सदुपयोग गरेको जानकारी दिइन् । विभिन्न जिल्लामा तालिम दिएर धेरै महिलालाई उद्यमी बनाउन सफलता हासिल गरेकी क्षेत्रीले तितोपाती खेतीलाई व्यवसायीक बनाउने अभियानमा जुटेकी छन् ।

बाँदरको समस्याले गर्दा खेतवारी बाँजो राख्न बाध्य थियौ उनले भनिन्, तितेपातीको बिक्री गर्ने जिम्मेवारी काठमाडौ स्थित कम्पनीले लिएको छ । खेतबारी बाँजो राख्न भन्दा यसबाट आम्दानी हुन्छ भने किन नलाउने भनेर खेती शुरु गरे उनले भनिन् । क्षेत्रीले अहिले १० रोपनी जमिनमा तितेपाती लगाउने गरेकी छन् । आर्युवेदीक औषधीका रुपमा प्रयोग हुने तितेपाती दुई दुई महिनामा काट्न मिल्ने क्षेत्रीको भनाई छ । कस्मेटिक आईटम लगायत अन्य सेवन गर्ने पनि यो प्रभावकारी हुने बताइएको छ। तितेपाती जापान निर्यात गरिदै आएको छ । यसको धुलो बनाएर जापान पठाउने गरिएको क्षेत्रीले बताइन् ।

स्याङ्जाका हरेक बस्तीमा बाँदर आतङ्क छ । बाँदरले अन्नवाली नष्ट गरिदिएपछि मानिसहरुले वालीनाली नलगाएर खेतवारी बाँजै राख्न थालेका छन् । बाँदरले नष्ट नगर्ने उत्पादन स्याङ्जाका बाँदर पिडित किसानका लागि यो तितेपातीको खेती उत्तम हुने क्षेत्रीको सुझाव छ । नेपालमा पाईने भन्दा अलि चाम्रो र पातीको पछाडीको भाग सेतो रङ्गको हुन्छ । सुकाएको तितेपाती ५० रुपैया किलोमा बिक्री हुने गरेको छ। क्षेत्रीले शुरु गरेको तितेपातीले साच्चिकै सफलता मिल्यो भने बाँदरले पनि नष्ट नगर्ने र कुनै किराले पनि आक्रमण नगर्ने भएपछि यो खेती फलदायी हुने विश्वास गरिएको छ। चुरा, पोतेको डिजाईन बनाउन महिलाहरुलाई तालिम दिने उद्यमी महिलाले तितेपाती लगाएकोमा छिमेकीहरु पनि दंग परेको क्षेत्रीले बताइन् । आर्थिक आयमा केही गर्छु भन्ने महिलाहरुका लागि स्थानीय सरकारले कुनै चासो नदिएकोमा क्षेत्री दुखी छन् । आफ्नै मेहनतले केही गर्नुपर्छ भन्ने ध्येय बोकेकी क्षेत्रीले व्यवसायमा धैर्यता र लगनशीलता हुने बताउछिन् । युवा प्रतिभा पुरस्कार २०७७ बाट गण्डकी प्रदेशबाट उत्कृष्ट छनोट पर्न सफल क्षेत्री महिलालाई उद्यमी बनाउन सके मात्रै समृद्धि हुने दावी गर्छिन् । तालिम दिदै आएकी क्षेत्रीले तितेपातीलाई व्यवसायीक रुपले गरेको खेतीका लागि स्थानीय सरकारले पनि सहयोग गर्नु आवश्यक देखिएको छ । आयुर्वेदीक औषधीका लागि उपयोगी हुने भएकाले यसको बजारको ग्यारेन्टी रहेको आयुर्वेद चिकित्सकहरु बताउछन् ।

कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

के तपाईमा यौनसम्बन्धी समस्या छ
पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।
महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।
मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।
महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार
जाँच्ने समयः प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१
नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# खाना नफालौँ कार्यक्रम विशेष अभियानका रूपमा

–वासुदेव पौडेल
गण्डमी, ४ असार (रासस)

कास्कीको अन्नपूर्ण गाउँपालिकाले “खाना नफालौं” कार्यक्रम विशेष अभियानका रूपमा सञ्चालन गर्ने भएको छ । आर्थिक वर्ष २०७८/७९ को वार्षिक नीति तथा कार्यक्रममा स्थानीय तहमा उत्पादित खाद्यान्नहरू सञ्चिती एवं संरक्षण गर्ने र कुनै पनि प्रकारका खानेकुरा खेर नफाल्न स्थानीयवासीलाई सचेतनाका साथ उत्पादन, उत्पादकत्व अभिवृद्धि गर्दै यस कार्यक्रमलाई विशेष अभियानका रूपमा सञ्चालन गरिने बताइएको छ।

गाउँपालिकाको कृषि स्रोतमा आधारित रैथाने बाली, जडीबुटी र फलफूललगायतका कृषि उपजहरूको उद्योग स्थापना गर्न निजी क्षेत्रलाई आकर्षण गरिने नीति तथा कार्यक्रममा उल्लेख छ । गाउँपालिकाभित्रका कृषि समूह, विभिन्न ढाँचाका कृषि फर्मका कार्यक्रमलाई सम्बन्धित सरोकारवालासँग समन्वय गरी व्यावसायिक कृषिको रूपमा विकास गरिने गाउँपालिकाका अध्यक्ष युवराज कुँवरले बताउनुभयो।

“कृषि क्षेत्रको अभिवृद्धि अन्नपूर्ण गाउँपालिकाको समृद्धि” भन्ने मूल नाराका साथ युवालाई कृषिमा आकर्षण गराउन युवा स्वरोजगार र युवा लक्षित कार्यक्रम सञ्चालन गरिने उहाँले जानकारी दिनुभयो । यस कार्यक्रमबाट कोराना भाइरसको विश्वव्यापी महामारीको प्रकोपबाट सिर्जित असामान्य अवस्थाका कारण वैदेशिक तथा स्वदेशमा रोजगारी गुमाएका युवालाई उसको ज्ञान, सीप, अनुभवलाई प्रयोग गरी स्वरोजगार तुल्याउनका साथै आन्तरिक उत्पादनमा आत्मनिर्भर कायम गरिने गाउँपालिकाले जनाएको छ।

गाउँपालिकाभित्र ‘एक घर एक बहुपोषणयुक्त करेसाबारी’लाई विशेष आयोजनाका रूपमा अगाडि बढाउने लक्ष्य लिएको गाउँपालिकाले करेसाबारीमा पुदिना, कुरिलो, कागती, तुलसी, मरहठ्ठी, लेमनग्रास, मेवा, धनियाँ, घ्यूकुमारी जस्ता आयुर्वेदिक महत्व रहेका बिरुवाहरूको उत्पादनसहित उपयोग गर्ने कार्यक्रम रहने उल्लेख गरेको छ।

कृषि क्षेत्रको विकास र प्रवर्द्धन गर्न गाउँपालिकाभित्रका विभिन्न कृषियोग्य जमीनलाई सम्भाव्यताका आधारमा तरकारी, फलफूल तथा नगदेबालीका पकेट क्षेत्रको रूपमा घोषणा गरी मौसमी तथा बेमौसमी तरकारी तथा फलफूल उत्पादनका साथै माटोको परीक्षण गरी आधुनिक तरिकाले कृषिलाई व्यवसायीकरण गर्न प्रोत्साहन गर्दै विभिन्न वडामा कफी, कोदो, सुन्तला र आलु पकेट क्षेत्रको रूपमा विकास गर्ने गाउँपालिकाको योजना छ।

कृषि क्षेत्रको आधुनिकीकरण, यान्त्रीकरण, विशिष्टीकरण र व्यवसायीकरण गरी उत्पादन र उत्पादकत्व वृद्धिमा जोड दिइने उल्लेख गर्दै नीति तथा कार्यक्रममा त्यसका लागि जग्गा चक्लाबन्दी, गह्रा सुधार र यन्त्र उपकरणमा दिँदै आएको ५० प्रतिशत अनुदान, प्लास्टिक टनेल, पक्की टनेल निर्माण र ‘एक घर एक टनेल’ निर्माण कार्यलाई अभियानको रूपमा सञ्चालन गर्नुका साथै पेशागत रूपमा जमीन जोत्ने अति विपन्न कृषकलाई पूर्ण अनुदानमा ट्याक्टर उपलब्ध गराइने भनिएको छ । सङ्घीय सरकारबाट सञ्चालित प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना र गण्डकी प्रदेश सरकारबाट सञ्चालित मुख्यमन्त्री वातावरणमैत्री नमूना कृषि गाउँ कार्यक्रमलाई प्रभावकारी तुल्याउँदै त्यस क्षेत्रमा कृषिको विशेष पकेट क्षेत्र स्थापना गर्ने नीति लिइएको छ । गाउँपालिकाभित्र कृषिको सम्भावना भएका वडामा चिस्यान केन्द्र स्थापना गर्ने एवं उत्पादित कृषि उपजलाई बजारीकरणका लागि ढिकुरपोखरी र नयाँपुलमा कृषि उपज सङ्कलन तथा बजारीकरण केन्द्र स्थापना गरी सो केन्द्रहरू कृषक समूहमार्फत सञ्चालन गरी कृषकहरूले उत्पादित वस्तुको उचित मूल्य प्राप्त गर्ने अवस्थाको सिर्जनाको लागि प्रदेशसँगको साझेदारीमा आवश्यक प्रकृया अघि बढाइने अध्यक्ष कुँवरले बताउनुभयो।

दिगो कृषि विकास, जैविक विविधता, प्राकृतिक स्रोत तथा वातावरण संरक्षण बीच सन्तुलन कायम राख्दै, बाँझो निजी जमीन, सार्वजनिक खुला क्षेत्र तथा खोला किनारमा अलैंची, कागती, स्कुस, एभोगार्डो, किवी, घाँस खेती गर्न सर्वसाधारण व्यक्ति तथा समूहलाई प्रोत्साहन गरिने गाउँपालिकाले जनाएको छ । कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व अभिवृद्धिका लागि विगतमा सञ्चालित अधुरा सिँचाइ आयोजनालाई सम्पन्न गर्नका लागि सङ्घीय र प्रदेश सरकारसँग समन्वय गर्दै साना सिँचाइ कार्यक्रम गाउँपालिकाबाट सञ्चालन गरी सिँचित भूमिमा उत्पादनमुखी विशेष कार्यक्रम सञ्चालन गरिने अध्यक्ष कुँवरले बताउनुभयो।

हिमाली उच्च समस्थलीमा जडीबुटी, सतुवा, चिराइतो, स्याउ र दाँतेओखर खेतीको लागि माटो परीक्षणलगायत स्थलगत अध्ययन गरी कृषकहरूलाई त्यसतर्फ उत्प्रेरित गर्दै अनुदानमा विरुवा उपलब्ध गराइने उहाँले बताउनुभयो।

नदी किनारका जमीन, वेंसी, टार तथा खेतबारीका कान्लामा सम्भाव्य फलफूल खेती गरी यसको उत्पादन बढाई फलफूलमा आत्मनिर्भरताका लागि प्रत्येक घरधुरीमा एक सदस्य एक फलफूलको बिरुवा रोपण कार्यलाई अभियानका साथ अगाडि बढाउने गाउँपालिकाको तयारी छ । यसका लागि गाउँपालिका क्षेत्रभित्र एक फलफूल नर्सरी सञ्चालन एवं विस्तार गरिने अध्यक्ष कुँवरले बताउनुभयो । गाउँपालिकाभित्र मौरीपालनको सम्भावना रहेको क्षेत्रमा मौरीपालन व्यवसायलाई व्यवसायीकरण गर्दै मह उत्पादनबाट कृषकको आयआर्जनमा टेवा पुऱ्याउने नीतिलाई निरन्तरता दिइने उहाँले बताउनुभयो । कृषिलाई आधुनिकीकरण गर्न गाउँपालिकाको आन्तरिक स्रोत र प्रदेश सरकारसँगको साझेदारीमा चक्लाबन्दी गर्न चाहने कृषक र कृषक समूहलाई आवश्यक प्रोत्साहन र अनुदानको व्यवस्था गरिने गाउँपालिकाको नीति छ । कृषि सामग्री, उन्नत बिउबिजन खरीद, दुग्ध सङ्कलन, घाँस खेती आदिका लागि व्यावसायिक कृषक एवं कृषि समूहलाई समयसमयमा अभिमुखीकरण तथा विशेष अनुदानका कार्यक्रम साथै कृषि बिमा कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालनमा ल्याइने अध्यक्ष कुँवरले जानकारी दिनुभयो।

बाँझो खेतको प्रयोग नीति अवलम्बन गर्न भूमि बैंक खडा गरी गाउँपालिकाले कम्तीमा २० वर्षका लागि जग्गा भाडामा लिई व्यावसायिक खेती गर्न गाउँपालिकामार्फत प्रस्ताव आह्वान गरी उपयुक्त प्रस्तावलाई छनोट गरिने उल्लेख गर्दै उहाँले सो जग्गाको भौतिक पूर्वाधार ग्रामीण सडक, सिँचाइ, विद्युत्, खानेपानी, शीतभण्डार आदि प्राविधिक सहायता, मल, बिउबिजन र बजार प्रवर्द्धनमा गाउँपालिकाले पहल गर्ने बताउनुभयो । उहाँका अनुसार बाँझो जमीन निरुत्साहित गर्न बाँझो खेत राख्ने कृषकलाई कृषि सुविधाबाट वञ्चित गरिने छ।

कम्तीमा पाँच रोपनी जग्गा वा सोभन्दा बढी जग्गामा मौसमअनुसार एकै प्रकारको खेती गर्ने कृषकलाई व्यावसायिक कृषकको रूपमा पहिचानका साथ कृषि गणना र कृषक परिचयपत्र वितरण गर्ने कार्यलाई अगाडि बढाइने गाउँपालिकाले जनाएको छ । पालिकालाई कोदोमा आत्मनिर्भर बनाउँदै रैथाने बालीका रूपमा संरक्षण/सम्वर्द्धन गर्न अनुदानको व्यवस्था गरी सबै होटल तथा रेष्टुरेण्टमा यसको परिकार सूचीमा राख्न अनिवार्य गरिने भएको छ । कोदो प्रवर्द्धनका लागि विगत वर्षदेखि सञ्चालित कोदो महोत्सवलाई निरन्तरता दिइने अध्यक्ष कुँवरले जानकारी दिनुभयो।

# गरिमा र के.सी.एल. अस्ट्र्युट क्यापिटल बीच सम्झौता

पोखरापत्र संवाददाता
पोखरा, ४ असार



गरिमा विकास बैंक लिमिटेड र के.सी.एल. अस्ट्र्युट क्यापिटल लिमिटेड बिच शेयर स्वामित्व खरिद गर्ने सम्वन्धि सम्झौता सम्पन्न भएको छ।

शुक्रवार आयोजित एक कार्यक्रममा सो सम्बन्धी समझदारीपत्रमा गरिमा विकास बैंकको तर्फबाट प्रमूख कार्यकारी अधिकृत गोविन्दप्रसाद ढकाल र के.सी.एल. अस्ट्र्युट क्यापिटल लिमिटेडको तर्फबाट अध्यक्ष दिपक पाण्डेयले हस्ताक्षर गरेकाहुन।

सम्झौता पश्चात के.सी.एल. अस्ट्र्युट क्यापिटल लिमिटेडमा गरिमा विकास बैंक लिमिटेडको ५१.२० प्रतिशत शेयर स्वामित्व कायम भई के.सी.एल. अस्ट्र्युट क्यापिटल लिमिटेड गरिमाविकास बैंक लिमिटेडको सहायक कम्पनीको रुपमा स्थापित हुने जनाईएको छ।

गरिमा विकास बैंक लिमिटेडले शेयर लगानी गरे पश्चात के.सी.एल. अस्ट्र्युट क्यापिटल लिमिटेडको नाम परिवर्तन गरी गरिमा क्यापिटल लिमिटेड कायम गर्ने समेत सहमति भएको गरिमा विकास बैंकका प्रमुख कार्यकारी अधिकृत गोविन्दप्रसाद ढकाल र के.सी.एल. अस्ट्र्यूट क्यापिटल लिमिटेडका अध्यक्ष दिपक पाण्डेयद्धारा संयूक्त हस्ताक्षरित विज्ञप्तीमा जनाईएको छ।

# अर्नाकोट विमानस्थलको डिपिआर तयार

पोखरापत्र संवाददाता
बागलुङ, ४ असार

दुई वर्षअघि विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार भएको अर्नाकोट विमानस्थल पुनः चर्चामा आएको छ।

बागलुङको ढोरपाटन नगरपालिका र निसीखोला गाउँपालिकाको बीचमा पर्ने अर्नाकोटमा विमानस्थल निर्माण गर्न सम्भाव्यता अध्ययन गर्ने गरी गण्डकी प्रदेश सरकारले बजेट विनियोजन गरेपछि चर्चामा आएको हो । दुई वर्षअघि नेपाल नागरिक उड्डयन प्राधिकरणको अगुवाइमा डिपिआर बनाइएको भएपनि त्यसअनुसार काम भने अहिलेसम्म अघि बढेको छैन । पुनः प्रदेश सरकारले आगामी आर्थिक वर्षको बजेटमा अर्नाकोट समेटिएपछि अर्को प्रक्रिया शुरु भएको हो।

मध्यपहाडी लोकमार्ग र सालझण्डी ढोरपाटन मार्गको सङ्गम रहेको अर्नाकोटमा ट्वीनअटर विमान उडान गर्नसक्ने विमानस्थल निर्माण गर्न प्राधिकरणले जिम्मा दिएपछि ‘रियल पार्ट इञ्जिनियरिङ कन्सल्टेन्सी’ले डिपिआर बनाएको थियो । इञ्जिनीयर गुरुप्रसाद अधिकारीले ७०० मिटर लामो रनवेसहितको लामो मैदान बनाउन सकिने प्राविधिक टोलीले सुझाव दिएको बताउनुभएको थियो । सो कन्सल्टेन्सीले बनाएको डिपिआर प्राधिकरणलाई हस्तान्तरण गरिएको थियो । प्राधिकरणमा तयार भएको डिपिआर थन्काएर प्रदेश सरकारले भने यो वर्ष सम्भाव्यता अध्ययन गर्न बजेट छुट्टाएको छ । नेपाली कांग्रेस नेता द्रोर्ण कुँवरले सङ्घीय सरकारले बेवास्ता गरेकाले प्रदेश सरकारले त्यसको अपनत्व लिन खोजेको प्रतिक्रिया दिनुभयो।

अहिले सङ्घ सरकारसँगको सहकार्यमा प्रदेशले काम गर्ने गरी बजेट कार्यक्रममा समावेश भएको हुनसक्ने कुँवरको आँकलन छ । विमानस्थलका लागि बजेट के कति छ भन्ने प्रष्ट खुलाइएको छैन । ढोरपाटन शिकार आरक्षमा आउने पर्यटकलाई यो विमानस्थल उपयुक्त हुने विश्वास गरिएको छ।

# बूढीगण्डकीले दुई घर बगायो

पोखरापत्र संवाददाता
गोरखा, ४ असार

धार्चे गाउँपालिका-१ स्थित यारु बगरमा बूढीगण्डकी नदीमा आएको बाढीले दुई घर बगाएको छ । जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक प्रकाश दाहालका अनुसार नदीले यात्रु बगरका स्थानीयवासी राजकुमार ढकाल र गोपाल घलेको घर बिहीबार साँझ बगाएको हो।

त्यस्तै ढकालको घर नजीकै रहेको बाख्रासहितको खोरसमेत बगाएको उहाँले जानकारी दिनुभयो । घर बगाएको जानकारी पाएलगत्तै प्रहरी टोली त्यहाँ पुगेर पीडित परिवारलाई नजीकै छिमेकीको घरमा राखिएको प्रहरी नायब उपरीक्षक दाहालले बताउनुभयो।

“पीडित दुई परिवारलाई छिमेकीको घरमा आश्रय लिइरहनुभएको छ”, उहाँले भन्नुभयो, “थप जोखिममा परेका परिवारलाई समेत अयन्त्र सारिएको छ।” नदीमा आएको बाढीले यारु बगरका थप सात घरसमेत उच्च जोखिमा रहेको जानकारी आएको प्रहरीले जनाएको छ।

# कोरोनाकालमा खुलेको उद्यमको बाटो

– रामबहादुर थापा
बागलुङ, ४ असार (रासस)

चौध वर्षसम्म मलेशियामा श्रम-पसिना बगाएर फर्कनुभएका भवीन्द्र विक फेरि पनि विदेशै जाने योजनामा हुनुहुन्थ्यो।

अझ राम्रो कमाइ हुने देखेर उहाँको मन दुबईतिर मोडिँदै थियो । भिषाको प्रक्रिया पनि थाल्नुभयो । सोचेभैँ जिन्दगी कहाँ छ र ?

दुबईको काम बेलैमा नसल्टिएपछि विक एकाएक भारत हान्निनुभयो । उत्तर प्रदेशको कानपुरमा होटलको काम शुरु गर्नुभयो । विक रोजगारीका लागि छिमेकी देश छिरेको आठ महिना पुग्दा/नपुग्दै कोरोना महामारीले विश्व आक्रान्त बन्यो । भारतमा पनि कोरोना सङ्क्रमण डरलाग्दो गरी फैलियो । बन्दाबन्दीको घोषणा भयो । त्यहाँ श्रम गर्ने नेपाली पैदलै स्वदेश फर्कन थाले । बयालीस वर्षीय विकले पनि घर फर्कने निर्णय लिनुभयो । विसं २०७६ चैत ९ गते उहाँ नेपाल आउनुभयो । ११ गतेदेखि त यहाँ पनि बन्दाबन्दी शुरु भयो।

“दुबईका लागि प्रयास गरेँ, त्यहाँको प्रक्रिया ढिलो हुने भएपछि काम खोज्दै भारत गएको थिएँ”, गलकोट नगरपालिका-११ रिघाका विकले भन्नुभयो, “कोरोनाका कारण त्यहाँबाट पनि फर्कनुपऱ्यो ।” घर फर्केपछि बिनाइलम बस्न उहाँको मनले मानेन । विकको वैदेशिक रोजगारीकै भरमा घर खर्चदेखि छोराछोरीको पढाइ धानिन्थ्यो । कमाइको बाटो नै रोकिएपछि परिवारलाई समस्या पर्ने नै भयो । आफ्नोभन्दा पनि छोराछोरीको भविष्य देखेर विकको मन कुँडिन थाल्यो।

महामारीको चपेटाबीच न तत्काल विदेश जान सक्ने स्थिति थियो, अर्कोतिर परिवारको मायाले जरक्क उठेर हिँड्न मनले मान्दैन्थ्यो । “महामारीको समयमा जे-जस्तो भए पनि परिवारसँगै बस्ने, बरु यहीँ दुःख गरेर खाने भन्नेमा पुगेँ”, विकले भन्नुभयो । भारतमा छँदा कोरोनाका कारण परिवारसँग भेट हुनै नपाइने हो कि भन्ने चिन्ताले आफूलाई गाँजेको विकले सुनाउनुभयो । स्वदेश फर्केपछि भने विकले कोरोनाकालमै जीवनलाई नयाँ मोड दिनेतिर सोच्न थाल्नुभयो । नेपालमै केही गर्ने अठोट लिनुभयो।

बागलुङ नगरपालिका-३ रातमाटामा भाडामा घरजग्गा पाइएपछि विकले त्यही कृषि र पशुपक्षीपालन गर्ने योजना बनाउनुभयो । अध्ययनका लागि दुई छोरी र एक छोरासहित श्रीमती सदरमुकाममै भएकाले विकलाई व्यवसायमा हात हाल्न पनि सजिलो भयो । गत पुसदेखि उहाँले ‘हाम्रो कृषि तथा पोल्ट्री फार्म’ सञ्चालनमा ल्याउनुभएको छ । फार्ममा अहिले स्थानीय जातका कुखुरा, बट्टाई, हाँस, खरायो, बाख्रापालनसहित तरकारी खेती पनि छ । ऋणधन गरेर रु छ लाख फार्ममा लगानी गरेको विकको भनाइ छ । “व्यवसाय थालेको धेरै भएको छैन, विस्तारै लगानी पनि थप्दै जाने र फार्म पनि विस्तार गर्ने योजनामा छु”, विकले भन्नुभयो । फार्ममा अहिले ३०० स्थानीय जातका कुखुरा, २०० बट्टाई, हाँस, खरायोलगायत छन् । स्थानीय जाततर्फ साकिनी, लुइँचे र गुजुमुजे कुखुरापालन गरिएको छ । सबै खर्च कटाएर अहिले मासिक रु २५ हजार जति आम्दानी निस्कने गरेको विकले बताउनुभयो । व्यावसायिक तरकारी खेतीलाई पनि अघि बढाउने तयारीमा उहाँ हुनुहुन्छ । फार्ममा उत्पादित कुखुरा, बट्टाई र अण्डाका लागि बजारको भने कुनै समस्या छैन । “धेरैजसो फार्मबाटै बिक्री हुन्छ, माग आउँदा बजारमा पनि पुऱ्याउँछौँ”, विकले भन्नुभयो । स्थानीय जातको कुखुरा प्रतिकिलो रु ८०० र अण्डा प्रतिक्रेट रु ५०० मा बिक्री हुन्छ । यस्तै बट्टाईको अण्डा प्रतिक्रेटलाई रु २८० पर्छ । मासुका लागि बट्टाईको भाले किन्दा रु २५० सम्म पर्ने गरेको छ।

फार्मका लागि वार्षिक रु ७० हजार भाडा तिर्ने गरी चार रोपनी जग्गा भाडामा लिएको विकले बताउनुभयो । फार्ममा दैनिक काम घरकै सदस्यले गर्छन् । विकलाई श्रीमती जुनमायाको दरिलो साथ छ । ठूली छोरीको सिलाइ व्यवसाय छ । अर्की छोरी स्नातक र छोरा कक्षा ११ मा पढ्छन् । छोराछोरीले पनि बावुआमालाई काममा उत्तिकै सघाउँछन् । विकले फार्मका लागि अहिलेसम्म कसैको अनुदान वा सहयोग लिनुभएको छैन । “अहिले त लगानी पनि थोरै छ, व्यवसाय थप विस्तार गर्दैछु”, उहाँले भन्नुभयो, “आफू पनि यहीँ स्वरोजगार हुने सके अरुलाई पनि काम दिने सोचमा छु।”


## विमा लेख हरायो

गुराँस लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडबाट जारि गरिएका निम्न लिखित बीमालेख हराएको हुँदा फेला पार्नुहुने महानुभावहरुले निम्नलिखित ठेगानामा सम्पर्क गरिदिनुहुन बिनम्र अनुरोध गर्दछौं।

नामः पशुपति ढकाल
विमा लेख नं.: ६११००००१६४
नामः भरत प्रसाद बराल
विमालेख नं.: ०६१००१२८५२

सम्पर्क:
गुराँस लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड
क्षेत्रीय कार्यालय पोखरा
फोन नं. ०६१- ५२४४५०


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : शारिरीक झमेला | तुला | : झमेला बढ्ने |
| वृष | : शत्रुको भय | वृश्चिक | : ब्यापारमा लाभ |
| मिथुन | : मानसिक तनाब | धनु | : सत्कार मिल्नेछ |
| कर्कट | : आर्थिक समस्या | मकर | : सम्मान मिल्नेछ |
| सिंह | : कार्यमा सफलता | कुम्भ | : मन चञ्चल |
| कन्या | : अप्रत्यसित लाभ | मीन | : सहयोग मिल्नेछ |


हरिसिद्धि भविश्यवाणी केन्द्र
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


## घरमा बसी बसी कमजोर



वामनप्रसाद ढेवाजू
गौडाकोमुख-१३

कोरोना को डर र त्रास
निषेधाज्ञा को निरन्तरता
पिँजडा को शुगा जस्तै।
घर भन्दा बाहिर जान नसक्ने
सुन्छु बिरामी आफन्त छर छिमेकी
सुन्छु बिरामी साथी भाईका कुरा
जान सकेको छैन भेट्न।
बिरामी मात्र होइन याहाँ
मृत्यु मयको खबर पनि
जान सकेको छैन कहि पनि
टुलुटुल हेरी बस्नु पर्छ छत माथि।
किन ? किन? किन?
कोरोनाको डर र त्रास
अथवा संक्रमणको जोखिम।
बिरामी को पिडा र दुःख
अस्पतालमा बेड नपाईने।
अक्सिजन को समस्या
अक्सिजन नपाई दुखद मृत्यु।
कोरोना बाट मृत्यु भएको
त्यो अन्तेष्टि को दृश्य
टेलीभिजन मा देख्छु मैले
पिडा हुन्छ दुःखी हुन्छु
केही गर्न सक्दिन असहाय हुन्छु।
आफ्नै छरछिमेकी मा पनि
कसै को पीडा दुखमा
सहभागी हुन सकेको छैन।
कोरोना को डर त्रासले
धेरै परिवर्तन गरि दियो।
हाम्रो संस्कार हाम्रो परम्परा
सब भत्काई दियो कोरोनाले
बिश्वलाई नै भयभित बनायो।
सकेन पराजित गर्न कोरोनालाई
कति कमजोर भैदियो मानिस।

# म्याग्दीमा भैँसी विकास कार्यक्रम शुरु

**– सन्तोष गौतम**
**म्याग्दी, ४ असार**

जिल्लालाई दूधमा आत्मनिर्भर बनाउन भैँसी विकास कार्यक्रम सञ्चालन गरिएको छ । भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले जिल्ला सदरमुकाम बेनीबजार वरपरका क्षेत्रका कृषकलाई लक्षित गरेर चालु आवदेखि कार्यक्रम सञ्चालन गरेको हो ।

कार्यक्रममार्फत सञ्चालनमा रहेका फार्ममा भैँसीको सङ्ख्या थप गर्ने, गुणस्तरीय दूध उत्पादन, आहाराको आपूर्ति, बजार व्यवस्थापन र गोठ सुधारमा सघाएको पशु सेवा विज्ञ केन्द्रका प्रमुख इन्द्रबहादुर भट्टले बताउनुभयो । "सय दुहुना भैँसी पालेका २० भन्दा बढी कृषकलाई समूहमा आबद्ध गराएका छौँ", उहाँले भन्नुभयो, "म्याग्दीमा मागअनुसार दूधको आपूर्ति गराउन यस वर्षदेखि शुरु भएको यो कार्यक्रमलाई आगामी वर्ष पनि निरन्तरता दिन्छौँ ।" बेनी नगरपालिका-६ अर्थुङ्गेको आधुनिक कृषि तथा पशुपक्षी स्रोत केन्द्र र वडा नं ४ को बास्कुना कृषि सहकारी संस्था लिमिटेडलाई चालु आवमा रु १५/१५ लाख अनुदान उपलब्ध गराइएको थियो । केन्द्रका २१ र सहकारीका ५० कृषकले ७३ भैँसी थपेका छन् । थपिएका भैँसीका लागि गोठको क्षमता बढाउन र भकारो सुधार गर्न सहयोग गरिएको आधुनिक कृषि तथा पशुपक्षी स्रोत केन्द्रका अध्यक्ष कमल पौडेलले बताउनुभयो ।

"परजीवी विरुद्धको खोप, औषधि र पौष्टिक तत्व खरीद, प्याकिङ गर्ने औजार खरीद, घाँसको बीउ वितरण गरेका छौँ", उहाँले भन्नुभयो, "समयको बचत र लागत घटाउन घाँस काट्ने च्यापकटर र पानी तताउन सोलार जडान गरेका छौँ ।" मल र मूत्रको सुरक्षित व्यवस्थापन गर्न गोठको संरचना सुधार गरिएको छ । समूहका लागि राँगो खरीद, भैँसीलाई खोप लगाउन र भिटामिन खरीद गर्न कृषकलाई सघाएको उहाँले जानकारी दिनुभयो । खरीद गरेका भैँसी ढुवानी गर्न कृषकलाई अनुदान उपलब्ध गराइएको छ । बास्कुनाबाट दैनिक दुई सय र आधुनिक भैँसीपालन समूहका कृषकले दैनिक एक हजार लिटर दूध उत्पादन गर्छन् । बेनी-७ कुरिलाखर्कको ढुङ्गाना पशुपक्षी फार्मका सञ्चालक सुरेश ढुङ्गानाले १२ बाट बढाएर भैँसीको सङ्ख्या १६ पुऱ्याएको बताउनुभयो ।

पशु सेवा विज्ञ केन्द्रको तथ्याङ्कअनुसार म्याग्दीमा पालिएका नौ हजार ३४७ गाई र १६ हजार २८६ भैँसीबाट वार्षिक चार हजार ७२४ मेट्रिक टन दूध उत्पादन हुन्छ । दैनिक दुई हजार ५०० लिटरको हाराहारीमा दूध खपत हुने बेनीबजारमा यसअघि पर्वतको मल्लाज, लेकफाँट, धाइरिङ, पोखरा र बागलुङबाट दूध आयात हुने गर्दथ्यो । पछिल्लो समय अर्थुङ्गे, खबरा, रत्नेचौर, बगरफाँट, बास्कुना, सिङ्गा, सिमलचौर, बरञ्जा, घतान, तोरीपानी, पात्लेखेतका कृषकले व्यावसायिक गाईभैँसीपालन गर्न थालेपछि आयात घटेको छ । विशेष गरेर युवाहरूले वैदेशिक रोजगारको विकल्पमा पशुपालन गरेर स्वरोजगार बनेका बेनपा-६ एकपाटेका कृषक रामु शर्माले बताउनुभयो ।

कृषकहरू व्यावसायिक गाईभैँसीपालनमा आकर्षित भएसँगै बजार र आहारा आपूर्तिको व्यवस्थापनको चुनौती देखिएको छ । जिल्लालाई दूधमा आत्मनिर्भर बनाउनाका साथै कृषकको आयआर्जन वृद्धि र जीवनस्तर सुधारका लागि दूधको बजार व्यवस्थापन तथा आहारा उत्पादनमा जोड दिइएको पशु सेवा विज्ञ केन्द्रका पशु स्वास्थ्य प्राविधिक सुभाष रेग्मीले बताउनुभयो ।

# संघ र प्रदेश सरकारबाट बाढी पीडितलाई सहयोग

**पोखरापत्र संवाददाता**
**लमजुङ, ४ असार**

केही दिन अघि दोर्दी खोलामा आएको बाढी पहिराले घर बगाएर बाढी पीडित भएकाहरूलाई सङ्घीय सरकार र गण्डकी प्रदेश सरकारबाट आर्थिक तथा सामग्री सहयोग भएको छ ।

लमजुङ दोर्दी गाउँपालिका–८ हिलेबजारका बाढी पीडित १८ परिवालाई सङ्घीय सरकारको केन्द्रीय विपद् व्यवस्थापन कोषबाट जिल्ला विपद् व्यवस्थापन समितिमार्फत प्रतिपरिवार रु १० हजार र प्रदेश सरकारले प्रतिपरिवार डेढ बन्डल जस्तापाता सहयोग गरेको हो ।

सो सहयोग गण्डकी प्रदेशका नवनियुक्त बिना विभागीय मन्त्री मधुमाया अधिकारी गुरुङले पीडितहरूलाई हस्तान्तरण गर्दै आवास पुनर्निर्माणका लागि सङ्घीय सरकारसँग पहल गर्ने र प्रदेश सरकारले पनि सहयोग गर्ने बताउनुभयो । प्रमुख जिल्ला अधिकारी होमप्रसाद लुइँटेलले सङ्घीय, प्रदेश र स्थानीय तीन वटै सरकारले पुनर्निर्माणका लागि सहयोग गर्ने छ भन्नुभयो । दोर्दी गाउँपालिका प्रमुख ओमबहादुर गुरुङले बाढी पीडित समुदायलाई थप सहयोग गर्न सङ्घीय तथा प्रदेश सरकारसँग आग्रह गर्नुभयो ।

गत आइतबारदेखि परेको वर्षासँगै आएको बाढीले १८ घर बगाएको छ भने ६० घरपरिवार विस्तापित भई हाल फलेनी माविमा बसिरहेका छन् । बाढीले यहाँ आवतजावत गर्ने सबै बाटो तथा पुल क्षतविक्षत गर्दा थप समस्या भएको छ ।

# बारपाकमा अक्सिजन मिनिप्लान्ट जडान

**पोखरापत्र संवाददाता**
**गोरखा, ४ असार**

गोरखाको बारपाकमा अक्सिजन मिनिप्लान्ट जडान गरिएको छ ।

करिब ११ सय ५० घर रहेको बारपाकमा कोरोना सङ्क्रमितको उपचारका लागि अक्सिजनको अभाव हुन नदिन राष्ट्रिय आविष्कार केन्द्रको सहयोगमा अक्सिजन मिनिप्लान्ट जडान गरिएको बारपाक सुलिकोट गाउँपालिका वडा नम्बर २ का वडाध्यक्ष लालबहादुर गुरुङले जानकारी दिनुभयो । केन्द्रको सहयोगमा ७० लिटर क्षमताको मिनिप्लान्ट निर्माण सम्पन्न भएको उहाँले बताउनुभयो । केन्द्रका इन्जिनियर रितेश देव नेतृत्वको टोलीले जडान सम्पन्न गरेको उक्त मिनिप्लान्ट वडा कार्यालयलाई हस्तारण समेत भएको वडाध्यक्ष गुरुङको भनाई छ । बारपाक स्वास्थ्य चौकी नजिकै रहेको स्थानीय महिला समूहको भवनमा जडान गरिएको अक्सिजन प्लान्ट एकैपटकमा १२ जना बिरामीलाई अक्सिजन दिन मिल्ने उहाँले बताउनुभयो । "महिला समूहको भवनमा १२ शय्याको आइसोलेसन समेत निर्माण गरिएको छ, त्यही शय्यामा अक्सिजन समेत जडान गरिएको हो", वडाध्यक्ष गुरुङले भन्नुभयो । अक्सिजन मिनिप्लान्ट जडान तथा उपकरण खर्च केन्द्रले नै व्यहोरोको हो । वडाध्यक्ष गुरुङले अहिले सञ्चालनमा रहेको आइसोलेसनलाई १२ शैयाको अस्पतालको रूपमा विकास गर्ने तयारी भइरहेको बताउनुभयो ।

# कोभिड कोषमा हेफरको २७ लाख सहयोग

**पोखरापत्र संवाददाता**
**दमौली, ४ असार**

कोभिड-१९ विरुद्ध जुध्न हेफर इन्टरनेशनल नेपालले तनहुँको चार स्थानीय तहमा रु २७ लाख सहयोग गरेको छ । हेफर इन्टरेनशनले आफ्नो कार्यक्रम सञ्चालन भएका पालिकाको कोभिड कोषमा आर्थिक सहयोग गरेको हो ।

हेफरले देवघाट गाउँपालिकालाई रु १५ लाख, भिमाद नगरपालिकालाई रु चार लाख, व्यास नगरपालिकालाई रु चार लाख र शुक्लागण्डकी नगरपालिकालाई रु चार लाख सहयोग गरेको छ । महिला समूह समन्वय समिति, चक्रवर्ती सामाजिक उद्यमी महिला सहकारी संस्था र समृद्धिको लागि त्रिपक्षीय आयोगलगायतका तीन संस्थाको सहकार्यमा कोभिडविरुद्ध जुध्नका लागि देवघाटलाई रु १५ लाख सहयोग गरिएको संस्थाका चितवन जिल्ला क्लष्टर प्रबन्धक कृष्णबाबु कट्टेलले जानकारी दिनुभयो ।

उक्त रकम अक्सिजन सिलिण्डर, लिक्विड अक्सिजन, अक्सिजन कन्सन्ट्रेटर, भेन्टिलेटर, आइसीयू, एक्सरे मेसिन, आइसोलेशन तथा कोभिड अस्पताल निर्माण, स्वास्थ्य सामग्री खरिदमा खर्च गर्नुपर्ने उहाँले बताउनुभयो । देवघाट गाउँपालिकाका अध्यक्ष दुर्गबहादुर थापाले कोभिड नियन्त्रणका लागि गैरसरकारी संस्थाको तर्फबाट ठूलो रकम सहयोग प्राप्त भएको भन्दै संस्थाप्रति आभार व्यक्त गर्नुभयो । थापाले हेफरसँग सहकार्य गरेर गाउँपालिका अगाडि बढ्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । यसैगरी भिमाद नगरपालिकालाई रु चार लाख हस्तान्तरण गरिएको छ । माझकोट महिला बहुउद्देश्यीय सहकारी संस्था, अतिप्रिय सामाजिक उद्यमी सहकारी संस्था, अरुणोदय सामाजिक उद्यमी महिला सहकारी संस्थाको तर्फबाट नगरप्रमुख मेखबहादुर थापालाई उक्त रकमको चेक हस्तान्तरण गरिएको हो । माझकोटकी अध्यक्ष सङ्गीता राना, अतिप्रियकी अध्यक्ष देवी मोक्तान आले र नेपाल एकीकृत ग्रामीण विकास केन्द्रकी अध्यक्ष मनुमाया श्रेष्ठले नगरप्रमुख मेखबहादुर थापालाई उक्त रकमको चेक हस्तान्तरण गर्नुभयो । हेफर इन्टरनेशनल नेपालका कार्यक्रम अधिकृत सन्त भट्टराईले सामाजिक उत्तर दायित्व वहन गर्दै हेफरको कार्यक्रम सञ्चालित पालिकामा सहयोग गर्न पाएकामा खुशी व्यक्त गर्नुभयो । नगर प्रमुख थापाले हेफरको सहयोगप्रति आभार व्यक्त गर्दै प्राप्त रकम कोभिड सङ्क्रमितको उपचारमा खर्च गरिने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

यस्तै हेफर इन्टरनेशनल नेपाल, नेपाल एकीकृत ग्रामीण विकास केन्द्र तनहुँ र आधारशीला सामाजिक महिला उद्यमी सहकारीको त्रिपक्षीय साझेदारीमार्फत व्यास नगरपालिकालाई रु चार लाख हस्तान्तरण गरिएको छ । हेफरका कार्यक्रम अधिकृत भट्टराई, नेपाल एकीकृत ग्रामीण विकास केन्द्रकी अध्यक्ष श्रेष्ठ र सहकारीका प्रबन्धक नवीन सुर्खालीले उक्त रकमको चेक नगरप्रमुख वैकुण्ठ न्यौपानेलाई हस्तान्तरण गर्नुभयो ।

नगरप्रमुख न्यौपानेले हेफरको सहयोगप्रति आभार व्यक्त गर्दै प्राप्त रकम कोभिड सङ्क्रमितको उपचारमा खर्च गरिने प्रतिबद्धता व्यक्त गर्नुभयो । नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत डिल्लीराम सिग्देलले हेफरजस्तै अन्य गैरसरकारी संस्थाबाट पनि सहयोगको अपेक्षा गरिएको बताउनुभयो ।

यसैगरी हेफर नेपाल, नेपाल एकीकृत ग्रामीण विकास केन्द्र तनहुँ र दिदीबहिनी महिला सहकारी थप्रेकको त्रिपक्षीय साझेदारीमार्फत शुक्लागण्डकी नगरपालिकालाई रु चार लाख सहयोग गरिएको छ । नगरपालिकाका उपप्रमुख सविता रसाइलीले सहयोगलाई सही सदुपयोग गर्ने प्रतिबद्धता जनाउनुभयो ।

हेफर इन्टरनेशन र नेपाल एकीकृत ग्रामीण विकास केन्द्रको साझेदारीमा तनहुँमा तीन वर्षदेखि पशु वस्तुको मूल्यशृङ्खलामा आधारित साना किसानको संस्था सवलीकरण परियोजना कार्यक्रम सञ्चालित छ ।

नेपाल एकीकृत ग्रामीण विकास केन्द्रका कार्यक्रम संयोजक प्रेमप्रसाद पौडेलले महामारीका रूपमा फैलिएको कोरोना न्यूनीकरणका लागि गैरसरकारी संस्थाको तर्फबाट सहयोग गर्न पाएकामा खुशी व्यक्त गर्नुभयो । पौडेलका अनुसार लमजुङको मध्यनेपाल नगरपालिका र सुन्दरबजार नगरपालिकालाई पनि रु चार/चार लाख र मर्स्याङ्दी गाउँपालिकालाई रु दुई लाख सहयोग गरिनेछ ।

# बागलुङमा ४१ परिवार विस्थापित, ७ घर उच्च जोखिममा

**पोखरापत्र संवाददाता**
**बागलुङ, ४ असार**

निरन्तरको वर्षाका कारण बागलुङमा ४१ घर परिवार विस्थापित भएका छन् ।

गत सोमबारदेखि निरन्तर परेको भारी वर्षाका कारण ४१ परिवारले घर छोडेर अन्यत्र आश्रय लिएर बस्न बाध्य भएका छन् । यसमा अधिकको घर पूर्ण क्षति र केहीको आशिंक क्षति भएको जिल्ला प्रहरी कार्यालयको तथ्याङ्कमा उल्लेख छ ।

बाढी पहिरोका कारण जिल्लामा ७ घर उच्च जोखिममा परेको र जुनसुकै बेला विस्थापित हुन सक्ने जिल्ला प्रहरी कार्यालय बागलुङका सूचना अधिकारी तथा प्रहरी नायव उपरीक्षक इकवाल हवारीले जानकारी दिनुभयो । लगातारको वर्षापछि आएको बाढी पहिरोले जिल्ला सदरमुकामसँग जोडिएका अधिकांश ग्रामीण सडक बन्द भएका छन् । जिल्लाको ताराखोला गाउँपालिकामा घर माथीबाट पहिरो खस्दा वडा नम्बर-५ स्थित भिरकुना भन्ने ठाउँका लिलाबहादुर विकको, मिठे विकको, टिकाराम विकको घरमा क्षति पुगेर विस्थापित भएका छन् ।

जिल्ला प्रहरी कार्यालय बागलुङका अनुसार बागलुङ नगरपालिका-७ पैरावारीमा घरमाथिबाट आएको पहिरोले एक घर भत्काएको छ भने एक घर उच्च जोखिममा पारेको छ । पहिरोका कारण स्थानीय र बिलाल गौतमको घर गोठ भत्काएको र गोठमा रहेको भैसी पुरिएको छ भने सोही स्थानका महेन्द्र गौतमको घर उच्च जोखिममा परेर परिवार विस्थापित भएका छन् ।

यस्तै, वर्षातका कारण बागलुङ नगरपालिका-४ स्थित नन्दलाल पौडेलको घर भत्केको, सोही स्थानका प्रदीप शेरचनको दुई तले पक्की घर पहिरोको कारण घर उच्च जोखिममा परेको छ । माया जिसीको इटाले बनेको एक तले कच्ची घर पहिरोको कारण घर उच्च जोखिम परेपछि विस्थापित भएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी हवारीले जानकारी दिनुभयो ।

बागलुङ नगरपालिका १३ फसेडाँडा बस्ने पार्वती पौडेलको घर वरिपरी पहिरो खसेपछि घर उच्च जोखिममा परेको, बरेङ गाउँपालिका-१ भ्युडाडा बस्ने विशाल बिकको घर जोखिममा रहेकाले विस्थापित भएका छन् । गलकोट नगरपालिका-४ चमुवास्थित चन्द्रकला क्षेत्रीको घर पछाडीबाट पहिरो खस्दा ढुङ्गा माटोले बनेको ढुङ्गाको छानो भएको दुई तले कच्ची घर उच्च जोखिम परी विस्थापित हुनुभएको र सोही स्थानको डाँडाखेतमा देवबहादुर खत्रीको घर अघीबाट पहिरो खस्दा घर उच्च जोखिममा परेपछि सुरक्षित स्थानमा सारिएको हवारीको भनाइ छ ।


## हार्दिक समवेदना



जन्मः २०१९/०७/२० गते

स्व. काशीप्रसाद श्रेष्ठ

स्वर्गारोहणः २०७८/०१/०३ गते

यस पदमनारायणका छोरा हर्षमान श्रेष्ठ कूल द्योः समाजका सदस्य भाइ **काशीप्रसाद श्रेष्ठ** को ५९ वर्षको उमेरमा भएको असामयिक निधनले हामी सबै परिवारहरु अत्यन्त मर्माहत र स्तब्ध भएका छौं । विशेष कारणवस रोकिएको काजकिरियाको आज गरिने शुद्धाशुद्धि कार्यको अवसरमा हामी भित्री हृदयदेखि दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै शोकसन्तप्त परिवारजनमा इश्वरले धैर्यधारण गर्ने शक्ति प्रदान गरुन भन्ने सतत् कामनाका साथै गहिरो समवेदना प्रकट गर्दछौं ।

**पूर्णलाल श्रेष्ठ**
**नाय तथा**
**पदमनारायणको छोरा हर्षमान श्रेष्ठ**
**कूल द्योः समाज परिवार पोखरा-१३**


# विद्युत्को मारमा लमजुङबासी

**पोखरापत्र संवाददाता**
**बागलुङ, ४ असार**

यहाँ उत्पादन भएको बिजुलीले देश नै झिलिमिली भएपनि जिल्लाकै बासिन्दा भने मारमा रहेका छन् ।

जिल्लामा आधा दर्जनभन्दा बढी आयोजनाबाट बिजुली उत्पादन गरेर राष्ट्रिय प्रशारण लाइनमा जोडी सके पनि यहाँका बासिन्दा भने पटकपटक बिजुली आउने र जाने समस्याले मारमा परेका हुन् । यतिबेला दैनिक ५०/६० पटक बिजुली आउने जाने गर्नाले जिल्लामा दैनिक कामकाज प्रभावित हुँदा उपभोक्ता मारमा परेका छन् ।

नेपाल विद्युत प्राधिकरणको मातहतमा रहेको लमजुङ विद्युत् उपभोक्ता संस्थाले लमजुङ र तनहुँमा गरी करीब ३१ हजार घरधुरीमा विद्युत् सेवा दिँदै आएको छ । संस्थाका अध्यक्ष श्रीकान्त घिमिरेका अनुसार जिल्लामा प्रत्येक महिना १२ देखि १३ लाख युनिट विद्युत् खपत हुँदै आएको छ । लमजुङ पानी उद्योगका सञ्चालक राजेश थापाले बिजुलीको अनियमित आपूर्तिले गर्दा व्यवसायीलाई ठूलो नोक्सान भइरहेको बताउनुभयो ।


## हार्दिक समवेदना



जन्मः २०१९/०७/२० गते

स्व. काशीप्रसाद श्रेष्ठ

स्वर्गारोहणः २०७८/०१/०३ गते

यस भद्रकाली सि गुठी (चौं) का गुठीभाइ **काशीप्रसाद श्रेष्ठ** को ५९ वर्षको उमेरमा भएको असामयिक निधनले हामी सबै गुठी परिवार अत्यन्त मर्माहत र स्तब्ध भएका छौं । विशेष कारणवस रोकिएको काजकिरियाको आज गरिने शुद्धाशुद्धि कार्यको अवसरमा हामी भित्री हृदयदेखि दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै शोकसन्तप्त परिवारजनमा इश्वरले धैर्यधारण गर्ने शक्ति प्रदान गरुन भन्ने सतत् कामनाका साथै गहिरो समवेदना प्रकट गर्दछौं ।

**पुलेन्द्रमान श्रेष्ठ**
**नाय तथा**
**भद्रकाली सी गुठी (चौं) परिवार**
**पोखरा-१३**